जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १८३ २०७६ साल फागुन ७ गते बुधबार (19 Feb. 2020 Wednesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आइ.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच बर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश सरकारको ... ३ पृष्ठमा : संगठनद्वारा संघीय निजामती.. ३ पृष्ठमा : कोरोना जीवाणुका कारण उहान ..

# जिर्ण सडकका कारण सर्वसाधारणलाई समस्या

**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन ।**

राजविराज-रुपनी सडकखण्ड अन्तरगत राजविराज ९ मलेठस्थित आँखा अस्पताल नजिकै सडक जिर्ण हुँदा सम्बन्धीत निकायको लापरवाहीका कारण सर्वसाधारणले सास्ती व्यहोर्नु परेको छ ।



एक वर्षदेखी करिब आधा किलोमिटर जति सडक जिर्ण हुँदा समेत सम्बन्धीत निकायले मर्मत गर्नेतर्फ ध्यान दिन नसक्दा दिनहुजसो दुर्घटना हुने गरेको छ ।

यता सडक छेउमै रहेको आखा अस्पतालमा बिरामीहरु आउँदा उनीहरु धुलोका कारण झनै बिरामी हुनेगरेको अस्पतालका चिकित्सक रामकुमार झाले बताए ।

सडक मर्मत गर्नेतर्फ कसैले चासो नदेखाएपछि मंगलबार स्थानिय अमरनाथ मण्डलको अगुवाईमा प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण पत्र बुझाएका छन् ।

लामो समयदेखी जिर्ण रहेको सडक मर्मत नहुँदा सडकमा गुडेका टिपर, ट्रक, बस, कार, मोटरसाइकल, अटो लगायतका सवारीले उडाएको धुलोले आँखा जचाउन आएका बिरामी मात्र होइन्, आसपासका बासिन्दा पनि समस्यामा परेका छन् । उनीहरुको घर सधैभरी धुलोले फोहर हुने गरेको छ भने यातायातका साधनहरु गुड्नाले दुर्घटना समेत हुने सम्भावना पनि त्यतिकै छ ।

जर्जर बनेको करिब आधी किलोमिटर सडक विगत एक वर्षदेखी बनाउन सडक डिभिजन कार्यालय लहानलाई पटक पटक लिखित र मौखिक आग्रह गर्दा पनि सुनुवाई नभएको वडा अध्यक्ष शम्भु प्रसाद यादवको भनाई छ ।

प्रमुख जिल्ला अधिकारी सुनिल खनालले ध्यानाकर्षण पत्र

***बाँकी अन्तिम पृष्ठमा***

# टिपरको ठक्करबाट एक महिलासहित दुई भारतीयको मृत्यु, आधा दर्जन घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन ।**

सप्तरीको बोदेबसाईन-विषणपुर सडकखण्ड गौरामा मंगलबार दिउँसो टिपरको ठक्करबाट एक महिलासहित दुई भारतीय नागरिकको मृत्यु भएको छ भने सो दुर्घटनामा ६ जना घाइते भएका छन् ।

स.१प. ३७९५ नम्बरको टेम्पुलाई विपरीत दिशाबाट तिब्रगतिमा आउँदै गरेको बा.१च. ५५२७ नम्बरको टिपरले ठक्कर दिँदा टेम्पु सवार भारतको मोतीहारी जिल्ला निवासी २६ वर्षिय मो. सद्दाम हसैन र ४५ वर्षिया कुनकुनिया खातुनको मृत्यु भएको पहरीले जनाएको छ ।

हुसैनको घटनास्थलमै तथा खातुनको बिराटनगरस्थित न्यूरो अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । टेम्पु सवार अन्य ६ जना घाइते भएका छन् ।

यस्तै घाइते हुनेहरुमा सप्तरीको महदेवा गाउँपालिका १ निवासी ४० वर्षिय मो. सल्लाउद्दिन, उनकी ३५ वर्षिया श्रीमती मुनिया खातुन, १२ वर्षिय छोरा मो. अकबर, १० वर्षिय छोरा मो. दाबेल र ६ वर्षिय छोरा मो. आशिक छन् । त्यस्तै सोही वडा निवासी ९ वर्षिय मो. अनबर पनि घाइते भएका छन् ।

घाइतेहरुको बोदेबसाईन तथा बिराटनगरस्थित विभिन्न अस्पतालमा उपचार भइरहेको

***बाँकी अन्तिम पृष्ठमा***


"खोप पाइ स्वस्थ रहने बालबालिकाको अधिकार,
खोप पूरा गराई बनौं जिम्मेवार"

राष्ट्रिय दादुरा-रुबेला खोप अभियान
फागुन - चैत्र २०७६/७७

यही २०७६ साल फागुन र चैत्र महिनामा संचालन हुने दादुरा-रुबेला खोप अभियानमा आफ्ना ९ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई खोप लगाऔं।
साथै, नियमित खोप तालिका अनुसार १५ महिनाभित्रमा सबै खोपको मात्रा पूरा गरौं।

पहिलो चरण
फागुन, २०७६
प्रदेश: १, २ र ५

दोस्रो चरण
चैत्र, २०७६
प्रदेश: बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम



खोप नि:शुल्क पाईन्छ
खोपले जीवन रक्षा गर्छ
खोप सुरक्षित छ

जनहितमा जारी
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
Ncell

प्राविधिक सहयोग
युनिसेफ र साझेदारहरू

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer
City Express
IME International Money Express
IME pay
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय

# रोकिएन् ध्वनी प्रदूषण

अहिले राजविराजमा ध्वनी प्रदुषण निकै बढेको छ। धार्मिक कार्यक्रम, बैवाहिक कार्यक्रम वा कुनै उत्सव होस् वा प्रवचनको नाममा ध्वनी प्रदुषण बढेको छ। विभिन्न वहानमा अहिले रातीको समयमा ठूला ठूला आवाजमा लाउडस्पिकर र साउण्डबक्स घन्काएर अरु व्यक्तिलाई समेत जाग्रम बस्न बाध्य बनाएको छ। झण्डै एक दशक भइसक्यो जिल्ला प्रशासन कार्यालयसहित बिभिन्न सरकारी निकायको नाममा अदालतले ध्वनी प्रदुषण रोक्न निर्देशनरुपी फैसला सुनाए पनि त्यसको कार्यान्वयन हालसम्म हुन सकेको छैन्।

अदालतको फैसला कार्यान्वयन गर्न प्रहरी, प्रशासन सहितका निकायहरु अगाडी नबढ्दा नगरका मुख्य बजारहरुमा अहिले पनि चर्को स्वरमा लाउडस्पिकर बजाउने कार्य जारी नै रहेको छ। विगतमा प्रहरीले डिजे साउण्डमा रोक लगाएपनि हाल मुख्य चौकहरुमा ठूलो आवाजमा साउण्ड घन्काउने काममा रोक लाग्न सकेको छैन्। चाहे राजनीतिको नाममा होस् या धार्मिक, नीति अथवा अन्य कुनै नाममा किन नहोस् ध्वनी प्रदूषण गरिने क्रम जारी नै छ।

ध्वनी प्रदूषणले व्यक्तिको मानसिक तनाब बढाउनुका साथै रातीको निन्द्रा बिगार्ने काम गर्दछ। तसर्थ यस्ता कार्यलाई राक्न सम्बन्धित निकायले यसतर्फ ध्यान दिनु अति आवश्यक भएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रदेश सरकारको नामाकरण र सहमति



**अमरनाथ मण्डल**

प्रदेश २ को नामाकरण मधेश प्रदेश रहने कि अन्य प्रदेशको नामाकरण तय हुने कुरामा अहिले विवाद देखिएको अवस्थामा केही दिनदेखि प्रदेश २ का सरकार लगायत प्रदेश २ मा रहेका पार्टीहरुको आ- आफ्नो अडानमा रहेको सन्दर्भमा अहिले मधेश नाम प्रदेशको हुनु पर्ने तिर बहुमतको अवस्था सिर्जना भएका छन्। प्रदेशको नाम मधेश आन्दोलनको जनादेशको भावना अनुसार रहनु पर्ने आम बुद्धीजिविहरुको तर्क रहेको अवस्थामा मधेश प्रदेश प्रदेशमा मैथिली, भोजपुरी, अवधि, हिन्दी र नेपाली बोल्ने भाषाभाषीको समीकरणको आधारमा सबभन्दा बढी मैथिली बोल्ने भाषाभाषीको वर्चश्व प्रदेश २ मा रहेको छ।

राजा जनकको राजधानी जनकपुरधाममा प्रदेश २ को राजधानी समेत रहेको जनकपुरधाममा माता जानकीको इतिहासिक मन्दिर र हाम्रो सामु माता जानकीको मिथिला नगरीमा जन्म भएको सन्दर्भ लिएर पनि मिथिला प्रदेश हुनु पर्ने अडानहरु आ-आफ्नो ठाउँमा रहेको छ। त्यस्तै भोजपुरी र अवधि भाषा बोल्ने तथा भोजपुरी र अवधि भाषाभाषी भएका जातजातिहरुको बहुल्यता पनि प्रदेश २ मा रहेको कारण प्रदेश २ लाई नामाकरणमा मैथिली र भोजपुरा राज्यको नामाकरण हुनु पर्ने तर्कहरु पनि आफ्नो ठाउँमा सारेका छन्।

नेपाल भरीमा नै प्रदेशहरुको नामाकरणमा ढिलाई भइरहेको सन्दर्भमा प्रदेश २ ले अहिले प्रदेश सरकारको नामाकरणको लागि कसरतहरु शुरु गरेका छन्। जसअनुसार मधेश आन्दोलनसँग आबद्ध रहेको तथा मधेशी दलहरुको वर्चश्व रहेको र नेपालको अभिङ्ग भू-भाग वर्षौदेखि मधेश रहेको र मधेशमा मधेशीहरुको बाहुल्यता रहेको कारण जातीबाट होइन भाषाबाट होइन समग्र मधेशको प्रतिनिधित्व हुने गरी मधेश प्रदेशको नामाकरण हुनु पर्नेमा तर्कहरुको व्यापक रुपमा चलिरहेको छ। राजपा र समाजवादीले २ नम्बर प्रदेशको नामाकरण मधेश प्रदेश हुनु तिर झुकाव रहेको छ भने काँग्रेस र नेकपाले आ-आफ्नो धारणाहरु सार्वजनिक रुपमा नराखिएको कारण उनीहरु पनि मधेश प्रदेश नाम रहनु पर्ने तिर झुकाव रहेको अनुमान गरिरहेका छन्।

नेपालका अभिङ्ग अङ्गको रुपमा मधेश अनुपम संगमको अद्भुत स्थलको रुपमा विश्वमै भौगोलिक, सामाजिक तथा सांस्कृतिक धरोहरहरुले परिपुरक भएका स्थल हो। मधेशमा चुरे वन, सप्तकोशी नदी, कमला बलान भारतको नजिकमा अधिकांश जिल्लाहरुको जोडिएको सडक लगाय कृषिको उपज र उब्जाउको रुपमा कृषिप्रधान क्षेत्र मधेश रहेकोले आफ्नो भुमिमा मधेशले समय समयमा अह्म भुमिकाहरु खेलेर देखाएका छन् भने गणतन्त्रका नायक रामराजा प्रसाद सिंह, मधेशवादका अवधारणाकर्ता गजेन्द्र नारायण सिंह, मधेशको सन्त नेता महन्थ ठाकुर, मधेश विद्रोहका नेतृत्वकर्ता उपेन्द्र यादव, मधेशवादका आवाजलाई बुलन्द गर्ने सिके राउत, निर्भिक र मधेशवादको आवाज उठाउने नेतृत्व गर्ने राजेन्द्र महतो, राजपाका महेन्द्र राय यादव, अनिल झा, राजकिशोर यादव, शरत संह भण्डारी, नेकपाका सत्यनारायण मण्डल, मातृका प्रसाद यादव, नेपाली काँग्रेसका विमलेन्द्र निधि, नेकपाका रामचन्द्र झा जस्ता नेताहरुको जन्म यसै भूमिमा भएको छन भने मधेशमा हजारौं शहिदले प्रजातन्त्र आन्दोलन, गणतन्त्र आन्दोलन, मधेश आन्दोलन, जनयुद्धमा शहिद भएका उदाहरणहरु रहेका छन्।

आपसमा विवाद नगरी मधेशका दुई/तिन वटा बुँदाहरुमा आपसी समझदारी २ नम्बर प्रदेशको सम्पूर्ण मधेश झल्किने गरी नामाकरण हुनुपर्ने मधेशी बुद्धिजीविहरुको तर्क रहेको छ। हरेक क्षेत्रमा ख्याति कमाएका मधेश विभेदीकरणको शिकार बनी विकाशीय क्षेत्रमा, आर्थिक क्षेत्रमा, सामाजिक क्षेत्रमा अपहेलित बन्दै गइरहेको छ भने वर्षौं वर्षौंदेखि संघीयताको परिकल्पनालाई आत्मसाथ गरी मधेश नायक गजेन्द्र नारायण सिंहले देखाएका बाटोहरु अनुरुप देशमा हजारौं बलिदानी पछि गणतन्त्र र संघीयताको परिपाटी सिर्जना भई प्रादेशिक राज्यहरु अवधरणा लागु भएका छन् भने प्रदेश नम्बर २ लाई आठ जिल्लामा मात्रै समाहित गरी शासकवर्गहरुद्वारा मधेशलाई एउटा सानो रेखामुनि बाध्ने प्रयास गरेको षडयन्त्रले पनि शासकवर्गहरु प्रदेश २ को नामाकरणमा पनि खिचिलो स्थितिको सिर्जना गरी विवादित बनाएका छन्।

मधेशमा रहेका सबै पार्टी, सबै दलहरु एक रुपताका साथ मधेशको हितमा, मधेशको विकासमा, मधेशको समृद्धिको लागि एकजुट हुनुपर्ने अवस्थाको सिर्जना गरी नेताहरु आपसी समझदारी गरी समग्र मधेश केन्द्रित रहेका अन्य जिल्लाहरु प्रदेश २ मा गाभ्नको लागि सशक्त आन्दोलनको थालनी गरी तथा संविधान संशोधनको एजेण्डालाई व्यापकतामा परिवर्तन गरी संशोधनको लागि राज्य पक्षलाई दवाव दिई समग्र मधेश एक प्रदेशको आवधारणालाई सार्थक बनाई प्रदेश २ को नामाकरणमा आपसी जुट भई एक रुपता भई सहमतिको आधार निर्माण हुनुपर्ने अवस्था देखिन्छ।

प्रदेशको नामाकरणमा विवाद नगरी प्रदेशको विकासको लागि हरेक जात/जाति, भाषा/भाषीहरुको स्तरोन्नतिको लागि शिक्षा क्षेत्रको व्यापकताको लागि बेरोजगार तथा भ्रष्टाचारको अन्त्यको लागि जनताले दिएको जनादेशलाई सम्मान गरी मधेश आन्दोलनको भावनालाई समर्पित मनोभावनाको साथ सम्मान गरी अहिले प्रदेश २ का पक्षमा रहेका तथा विपक्षमा रहेका दलहरुको आपसी सम्झदारी हुनुपर्ने आवश्यकता निर्माण वातावरण बन्नु पर्ने देखिन्छ।

मैथिली, भोजपुरा, जनक, मधेश जस्ता नामहरु अघि सरेको सन्दर्भमा उपयुक्त हुने तथा सबैको प्रतिनिधित्व हुने नामलाई छनौट गरी प्रदेशको नाम नामाकरण तिर प्रदेश सरकारले मधेशमा रहेका बुद्धिजीवि, नागरिक, पत्रकारहरुसँग अन्तरक्रिया गरी र त्यसबाट निस्किएका निष्कर्षलाई प्रदेशको नाममा नामाकरण गर्ने सहज वातावरणको व्यवस्था मिलाउन प्रदेश २ का सरकारले अहम भुमिका खेल्नु पर्ने देखिन्छ।

तसर्थ अहिले प्रदेश २ मा सरकारमा रहेका दलहरुका मन्त्रीहरुको आपसी समझदारी भई प्रदेश २ मा रोकिएको आर्थिक बजेटहरु संचालनको दिशातिर उन्मुख भई प्रदेश २ लाई स्वतन्त्र रुपमा इमानदारता पूर्वक मधेशी जनताले चाहेका विकाश, शान्ति तथा समृद्धिको परिकल्पना साथ दल र दलका नेता, मन्त्रीहरु सक्रियताको साथ लाग्नु पर्ने अवस्थाको सिर्जना हुनुपर्ने दलहरुको केन्द्रीय स्तरबाट आफ्ना पार्टी नेता तथा पार्टीका मन्त्रीहरुलाई आवश्यक निर्देशन दिई सक्रियताको भुमिका खेल्नु पर्ने अवस्थाको सिर्जना हुनुपर्छ।

**"मैथिली, भोजपुरा, जनक, मधेश जस्ता नामहरु अघि सरेको सन्दर्भमा उपयुक्त हुने तथा सबैको प्रतिनिधित्व हुने नामलाई छनौट गरी प्रदेशको नाम नामाकरण तिर प्रदेश सरकारले मधेशमा रहेका बुद्धिजीवि, नागरिक, पत्रकारहरुसँग अन्तरक्रिया गरी र त्यसबाट निस्किएका निष्कर्षलाई प्रदेशको नाममा नामाकरण गर्ने सहज वातावरणको व्यवस्था मिलाउन प्रदेश २ का सरकारले अहम भुमिका खेल्नु पर्ने देखिन्छ।"**

# बिद्युतीय उपकरण चोरी गर्नै एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन।**

बिद्युतीय उपकरण चोरी गर्ने एक जनालाई स्थानियहरुले मंगलबार साँझ पक्राउ गरेका छन्।

राजविराज नगरपालिका वडा नं. ८ स्थित ओम शन्ति अगाडी दुई जनाको घरमा बिद्युत मिटरको एमसीबि बन्द गरि घरमा छिरेर बिद्युत उपकरण चोरी गर्ने राजविराज नगरपालिका ११ झल्हीका शिबु कुमार मण्डललाई स्थानियले पक्राउ गरि प्रहरीमा बुझाएका छन।

स्थानिय ललिता देवी यादवको घरबाट १ थान मोटर, २/२ बन्डल वाइरिङ र केवलको तार चोरी गरेको स्थानिय आदित्य अजयले जानकारी दिएका छन।



त्यस्तै चोरले सोही ठाउँका बुधसेन यादवको ३ वटा मोटर, बिद्युतको एमसीबि र तारहरु चोरी गरेर लगिरहेको अवस्थामा स्थानियबासीले पक्राउ गरेको हो।

यता पक्राउ परेका चोरलाई अनुसन्धानको लागि प्रहरीले जिल्ला प्रहरी कार्यालय लगेको जनाइएको छ।

७० औं राष्ट्रिय प्रजातन्त्र दिवस उपत्यका भित्र सैनिक मञ्चमा र उपत्यका बाहिर प्रदेश, जिल्ला र स्थानीय तहहरुले आयोजना गर्ने कार्यक्रममा सहभागी भई भव्य रुपमा मनाऔं।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# संगठनद्वारा संघीय निजामती ऐन जारी गर्न माग

काठमाडौं, ६ फागुन (रासस)।
नेपाल निजामती कर्मचारी सङ्गठनले सङ्घीय निजामती सेवा ऐन जारी गर्न माग गरेको छ।

सङ्गठनको फागुन २-३ गतेसम्म भएको सातौँ केन्द्रीय बैठकको निर्णयबारे जानकारी गराउन मंगलबार यहाँ आयोजित पत्रकार सम्मलनमा सङ्गठनका अध्यक्ष केदारप्रसाद देवकोटाले ऐन नहुँदा सरकारका काम कारवाहीमा समस्या परेकाले जारी गर्न माग गर्नुभएको हो।

बैठकले सङ्गठनले ऐनका लागि पेश गरेका सुझावको सुनिश्चित हुन माग गरेको छ। बैठकले आफ्नो सुझाव ऐनमा समेटन नसकेको अवस्थामा आन्दोलनमा जानुपर्ने जनाएको छ। सुझाव ऐनमा समावेश गर्नका लागि सङ्गठनले फागुन ८ गते बिहीबार उपत्यकास्तरीय भेला गर्ने, फागुन १७ गते शनिबार सबै प्रदेश राजधानीमा प्रदेशस्तरीय भेला गर्ने र फागुन २१ गते बुधबार मुख्यसचिवमार्फत र ७७ वटै जिल्ला कार्य समितिले प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम सार्वजनिक गरेको छ।

बैठकले कर्मचारीलाई आवश्यक पर्ने न्यूनतम क्यालोरी वहालवाला र सेवानिवृत्त राष्ट्रसेवक कर्मचारीका लागि निजामती कर्मचारी रासन कार्ड र निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न र सरकारी कार्यालय तथा सार्वजनिक संस्थामा क्षतिपूर्तिको नागरिक सेवा प्रवाह लागू गर्न माग गरेको छ।

सङ्गठनबीच एकीकरण गर्दा सङ्गठनको क्रियाशीलता, सदस्य सङ्ख्या, आधिकारिक ट्रेड युनियनको मत परिणाम, राष्ट्रसेवक सहकारी संस्थाको सम्पत्ति तथा दायित्व चल अचल सम्पत्तिलगायत विषयलाई आधार बनाई एकीकरण कार्य सम्पन्न गर्ने महासचिव रेवन्त गौतमले जानकारी दिनुभयो।

सेवाप्रति उत्तरदायी र जीवनशैलीमा सदाचार रही सेवाप्रवाहलाई उच्च प्राथमिकतामा राखी कार्यक्षेत्रमा खटिन र राष्ट्रसेवक कर्मचारीलाई आह्वान गर्दै भ्रष्टाचारजन्य कार्यलाई निरुत्साहित गर्न अनुरोध बैठकले गरेको छ। बैठकले रिक्त पदमा उपाध्यक्ष (उपत्यका) रेणुका केसी, उपमहासचिव रामचन्द्र अधिकारी, सचिवद्वयमा गोमा घिमिरे, जसबहादुर राई, केदारकुमार अधिकारी, केन्द्रीय लेखा परीक्षण आयोग संयोजकमा जयदेव जोशी र केन्द्रीय अनुशासन आयोगमा प्रयागराज शर्मालाई मनोनयन गरेको महासचिव गौतमले जानकारी दिनुभयो।

# अन्तरबिद्यालय क्रिकेटमा शिब्स र ग्लोवल बिजयी

## आठ विद्यालय क्वाटर फाईनलमा प्रवेश




**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन।**

राजबिराजमा संचालित अन्तरबिद्यालय क्रिकेट प्रतियोगिताको नकआउट चरणको अन्तिम खेलमा शिब्स र ग्लोवल स्कुल बिजयी भएका छन्।

मंगलवार सम्पन्न पहिलो खेलमा सुजना बोर्डिङ स्कुलले टस जितेर निर्धारित १७ ओभरको खेलमा १२ ओभरमा १० बिकेट गुमाई ५० रनको छिनो लक्ष्य खडा गरेको थियो। जसमा मोहम्मद आजाद १५ रन बाहेक अरू कुनै खेलाडी दोहोरो अंक पार गर्न सकेन।

यता बलिंङ तर्फ गोपाल मण्डल ३ विशाल यादब ३, निरज यादब र अजय यादबले १/१ बिकेट हात पारेका थिए।

जवाफमा शिब्सले ४.१ ओभरका १ बिकेट गुमाई बिजय हासिल पारेको थियो। जसमा शिब्सका मिनिष यादबले २१ रन अविजित र भोला साहले अविजित १५ रन बनाएका थिए। खेलको म्यान अफ द म्याच शिब्सका गोपाल मण्डल घोषित भए।

यसैगरी मंगलबारै सम्पन्न दोस्रो खेलमा टस जितेर ग्लोवलले निर्धारित २० ओभरमा ९ बिकेट गुमाएर १ सय ३२ रनको योगफल खडा गरेको थियो। जसमा आकाश पटेल ३० रन, सुमन यादब २१ र रोशन यादबले १७ रन जोडेका थिए।

बलिङतर्फ नोवेल एकेडमीका नरेश यादव २, रंजित यादव, कमलेश यादव, रोशन यादव, बिक्रम यादवले १/१ बिकेट हात पारेका थिए।

प्रतिउत्तरमा नोवेलले २० ओभरमा आफ्नो ९ बिकेट गुमाई १ सय १७ रन मात्र बनाउन सकेको थियो। सो खेलको म्यान अफ द म्याच आकाश पटेल घोषित भए।

यता नकआउट चरणको खेलबाट प्रतियोगिता भरीमा ८ वटा विद्यालय क्वाटर फाईनलमा प्रवेश गरेका छन।

बुधबारको पहिलो खेल मोडेल बोर्डिङ र के.अ.मा.वि तथा दोस्रो खेल लिटिल ऐन्जल बोर्डिङ र दुर्गा बोर्डिङबीच हुने आयोजकले जनाएको छ।

# झुम्का सुनसरीलाई पंचशिल्डको उपाधी

**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन।**



सप्तरीको खडक नगरपालिका १० डंगराहीस्थित खेलमैदानमा सञ्चालित दशौं पचशिल्ड फुटबल प्रतियोगिताको उपाधी रामधुनी स्पोर्टस क्लब झुम्का सुनसरीले हात पारेको छ।

प्रतियोगिताको मंगलवार सम्पन्न फाईनल खेलमा गोलबजार स्पोर्टस क्लब गोलबजार सिरहालाई एकका बिरुद्ध तीन गोल अन्तरले पराजित गर्दै झुम्काले उपाधी हात पारेको हो।

प्रतियोगिताको उपाधीसँगै झुम्काले नगद रु ३५ हजार शिल्ड तथा उपबिजेता गोलबजारले नगद रु २५ हजार र कपमा चित बुझाएको छ।

प्रतियोगिता पश्चात आयोजक बजरंग युवा क्लब डंगराहीका अध्यक्ष सुशील चौधरीको अध्यक्षतामा आयोजित पुरस्कार बितरण तथा समापन कार्यक्रममा राजपा नेपाल खडक नगर समिति संयोजक नन्नु चौधरी, खडक नगरपालिका वडा नम्बर १० का वडाअध्यक्ष राजेन्द्र प्रसाद चौधरी, नेकपाका नेता मोहम्मद अयुब राईन, राजु ज्वर्लसका सञ्चालक रामअवतार विश्वकर्मा लगायतले पुरस्कार तथा प्रमाणपत्र बितरण गरेका थिए।

बजरंग युवा क्लब डंगराहीको आयोजनामा गत माघ २५ गतेदेखि सञ्चालित प्रतियोगितामा सप्तरी, सिरहा, उदयपुर र सुनसरीका बिभिन्न ८ क्लबको सहभागिता रहेको थियो।

## विश्व समाचार

### कोरोना जीवाणुका कारण उहान अस्पतालका निर्देशकको मृत्यु

बेइजिङ, ६ फागुन (रासस/एएफपी)।

कोरोना जीवाणुको महामारीको केन्द्रका रुपमा रहेको उहानस्थित अस्पतालका निर्देशकको मङ्गलबार मृत्यु भएको छ। गत वर्षको अन्त्यतिर उहानमा उत्पत्ति भएको ठानिएको कोविड-१९ जीवाणुका कारण चीनमा मात्र एक हजार ९०० को मृत्यु भइसकेको छ भने ७२ हजारभन्दा बढी मानिस सङ्क्रमित भएका छन्। चिनियाँ सरकारी टेलिभिजन सिसिटिभीले मृत्यु हुने चिकित्सक उहानस्थित उचाङ अस्पतालका निर्देशक लिउ झिमिङ रहनुभएको जनाएको छ। उहाँलाई बचाउन भरमग्दुर प्रयास गरिए पनि नसकिएको अस्पतालको भनाइ छ। उहाँ कोरोना जीवाणुका कारण मृत्यु हुने पहिलो उच्च पदाधिकारी एवम् चिकित्सक हुनुहुन्छ। यही प्राणघातक जीवाणुका कारण उहानमा कम्तीमा छ जना स्वास्थ्यकर्मीको ज्यान गइसकेको छ भने एक हजार ७१६ जना सङ्क्रमित भएका छन्। यसअघि कोरोना जीवाणुका बारेमा पहिलो जानकारी दिने उहानकै नेत्ररोग विशेषज्ञ डा ली वेनलियाङको मृत्यु भएको थियो। उहानका चिकित्सकले मास्क र शरीरमा लगाउने विशेष सुरक्षा कपडाको अभाव झेलिरहेको बताइन्छ।

### चीनमा मृत्यु हुने व्यक्तिको संख्या एक हजार ८६८ पुग्यो

बेइजिङ, ६ फागुन (रासस/एपी)।

कोरोना भाइरसको सङ्क्रमणबाट चीनभरी मृत्यु हुने व्यक्तिको सङ्ख्या एक हजार ८६८ पुगेको चिनियाँ स्वास्थ्य अधिकारीले जनाएका छन्। गत वर्षको अन्त्यमा चीनको हुबेई प्रान्तको उहान सहरबाट शुरु भएको यस भाइरसका कारण हाल्का केही दिनयता एकै दिनमा करिब १०० व्यक्तिको मृत्यु हुने गरेको अन्तरराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। गत आइतबार एकै दिनमा सो भाइरसका कारण १०० व्यक्तिको मृत्यु भएको थियो। त्यसैगरी सोमबार यस भाइरसको सङ्क्रमणका कारण ९८ जनाको मृत्यु भएको एपी समाचार समितिले मङ्गलबार जनाएको छ। मङ्गलबार प्राप्त एक समाचारका अनुसार यस भाइरसबाट चीनभरीमा मृत्यु हुने व्यक्तिको सङ्ख्या एक हजार ८६८ पुग्नुको साथै ७२ हजार ४३६ व्यक्ति सङ्क्रमित भएका छन्।

चिनियाँ रोग नियन्त्रण र रोकथाम केन्द्रले सोमबार दिएको एक जानकारीअनुसार यस रोगको शुरुवाती घटनाको अध्ययन गर्दा यस भाइरसको थप सङ्क्रमणको सङ्ख्या यस महिनाको शुरुबाट ८० प्रतिशतले घटेको पाइएको छ। विश्व स्वास्थ्य संगठन डब्ल्यूएचओका महानिर्देशक टेड्रोस अडानोम गेब्रियसले सोमबार भएको एक पत्रकार सम्मेलनमा प्रकोपको स्पष्ट तस्वीर दिएको बताउनुभएको छ। जारी अनुसन्धानअनुसार यस रोगको सङ्क्रमणको दर घट्दो मात्रामा देखिन थालेका बताइएको छ। महानिर्देशक गेब्रियसले अहिले नै सङ्क्रमण दर घट्यो भनेर निष्कर्ष निकाल्न एकदमै चाँडो हुने बताउनुभयो। यसअघि आइतबार चीनमा दुई हजार ४८ जना सङ्क्रमित भएका समाचारमा जनाइएको थियो। सङ्क्रमितको यो सङ्ख्या चीनको ३१ प्रान्तमा रहेको सो समाचारमा जनाइएको छ। गत डिसेम्बरको अन्त्यबाट शुरु भएको यस कोरोना भाइरसको सङ्क्रमणको कारण हुबेई प्रान्तमा मात्र ५८ हजार १८२ जनालाई कोरानाभाइरस सङ्क्रमण भएको आइतबार प्राप्त समाचारमा जनाइएको थियो। चीनमा फैलिएको प्राणघातक कोरोना भाइरस सङ्क्रमणबाट यहाँको बिभिन्न क्षेत्र नराम्ररी प्रभावित भएको जनाइएको छ। वैज्ञानिकले कोभिड-१९ नाम दिएको यो भाइरसको नियन्त्रणमा खटिएका स्वास्थ्यकर्मीका लागि २६ अर्ब युआन खर्च विनियोजन गरेको चिनियाँ अधिकारीले जनाएका थिए।

यस भाइरसको उपचारका क्रममा खटिएका कम्तीमा पनि दुई हजार स्वास्थ्यकर्मी सङ्क्रमित भएका छन्। यसबाट सङ्क्रमणबाट सात जना स्वास्थ्यकर्मीको उपचारका क्रममा मृत्यु भएको छ। यस भाइरसको प्रकोप नियन्त्रणका लागि विश्वका नेताले चीनलाई साथ दिने प्रतिबद्धता जनाउँदै आएका छन्। संयुक्त राष्ट्रसङ्घ, विश्व स्वास्थ्य सङ्गठन, युरोपेली युनियनसहित विश्वका नेताले पनि यो सङ्क्रमणको नियन्त्रणमा चीनलाई सघाउने प्रतिबद्धता व्यक्त गरेका छन्। भाइरसको शुरुआत भएको प्रमुख स्थानका रूपमा रहेको हुवेई प्रान्तमा यस भाइरसबाट बढी नागरिक प्रभावित छन्।

### तालिबानी लडाकूद्वारा न्यायाधीशको हत्या

हेरात, ६ फागुन (रासस/सिन्ह्वा)।

अफगानिस्तानको पश्चिमी हेरात प्रान्तमा एक जना जिल्ला न्यायाधीशको तालिबानी लडाकू समूहले हत्या गरेको स्थानीय अधिकारीले बताएका छन्। हेरातको इन्जिल जिल्लाका न्यायाधीश रहिम अजिमीलाई तालिबान लडाकूको एक समूहले सोमबार राति गोली हानी हत्या गरेका थिए। प्रान्तीय सरकारका प्रवक्ता जैलानी फरहादले तालिबानी लडाकू समूहले हिंसात्मक कारवाही स्थगित गर्ने घोषणा गरे पनि व्यक्ति हत्याको ज्यादती नरोकिएकामा चिन्ता व्यक्त गर्नुभयो। साप्ताहान्तमा कन्दहार प्रान्तको डन्ड जिल्लामा तालिबान समूहको आक्रमणमा दुई जना प्रहरी अधिकृत मारिएका थिए। अफगानी स्वतन्त्र मानवअधिकार आयोगका अनुसार गत वर्ष सन् २०१९ मा मात्र दुई हजार ८०० भन्दा बढी सर्वसाधारणको हत्या हुनुका साथै सात हजार ९५० जनाभन्दा बढी घाइते भएका छन्।

# सडेगलेको अवस्थामा महिलाको शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन ।**

सप्तरीको रुपनी गाउँपालिका ६ स्थित जुवेला खोला नजिकै मंगलबार बिहान एक महिलाको शव सडेगलेको अवस्थामा फेला परेको छ ।

स्थानियहरुले त्यस क्षेत्रमा दुर्गन्ध फैलिएको थाहा पाएपछि खोज्दै जाँदा खोला किनारमा सो शव फेला परेपछि प्रहरीलाई खबर गरेका थिए ।

प्रहरीले खबर पाएपछि प्रहरी निरिक्षक यमराज बन्जारेको नेतृत्वमा टोली पुगेर महिला बारे अनुसन्धान सुरु गरेपनि सडेगलेको अवस्थामा फेला परेको ती महिलाको शवको सनाखत भने हुन नसकेको डिएसपी तिलक भारतीले बताएका छन् ।

यता आवश्यक कानुनी प्रक्रिया पुरा गरि शव पोष्टमार्टमका लागि मंगलबारै धरानस्थित विपी कोइलारा बिज्ञान प्रतिष्ठान पठाइएको र सो बारे आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### *जिर्ण सडकका ...*

बुझ्दै तत्कालै सडक डिभिजन कार्यालय लहानलाई पत्राचार गरि उक्त सडक खण्ड मर्मतका लागि पहल गर्ने आश्वासन दिएको ध्यानाकर्षण पत्र बुझाएका मण्डलले जानकारी दिए । यता अविलम्ब सो सडक मर्मत नगरिए आन्दोलन गर्ने स्थानीयले चेतावनी समेत दिएका छन् ।


### *टिपरको ठक्करबाट ...*

डिएसपी तिलक भारतीले जानकारी दिए ।

घटनापछि टिपर र चालकलाई नियन्त्रणमा लिई आवश्यक कारवाही प्रक्रिया अघी बढाइएको डिएसपी भारतीले बताए ।

बोदेबसाईन नगरपालिकाको जाजरमा मुस्लिम समुदायको तीन दिने धार्मिक सम्मेलन इज्तिमा सम्पन्न भएपछि घर फर्किँदै गर्दा सो दुर्घटना भएको हो ।


## बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**

**फोन नं. :** 031-522408/09


# प्रजातन्त्र दिवसमा सरसफाई



**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन ।**

७० औं राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा मंगलबार राजविराजस्थित रंगशालामा सरसफाई गरिएको छ ।

जिल्ला मूल समारोह समिति सप्तरीको आयोजना आयोजित सरसफाई कार्यक्रममा जिल्ला समन्वय समिति सप्तरीको सभापति प्रभाकर यादब, प्रमुख जिल्ला अधिकारी सुनील खनाल, प्रहरी उपरीक्षक कृष्ण प्रसाई, राजविराज नगरपालिका उपप्रमुख साधना झा, राष्ट्रिय अनुसन्धान विभाग प्रमुख तिलक प्रसाई, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी लगायतको सहभागिता रहेको थियो ।

त्यस्तै मंगलबार साँझ सबै कार्यालय तथा घर घरमा दिपावली मनाउने निर्णय गरिएको छ ।

यसअघि समितिले तीन दिवसीय रुपमा राष्ट्रिय प्रजातन्त्र दिवस मनाइने निर्णय गरेको थियो । जस अन्तरगत फागुन ७ गते प्रभातफेरी, प्रवचन तथा साँस्कृतिक कार्यक्रम र साँझ सबै कार्यालय तथा घर घरमा दिपावली मनाउने निर्णय गरिएको छ ।

यसैगरि फागुन ८ गते म्युजिक चेयर कार्यक्रम, सियो धागो कार्यक्रम, राजविराज नगरपालिका अन्तरगत भिजिट नेपाल २०२० को सन्दर्भमा चित्रकला गर्ने निर्णय गरिएको छ ।


# आवश्यकता

*प्रकाशित मितिः २०७६/११/०५ गते*

**पद : लेखापाल (Accountant)**
**संख्या : १ (एक) जना**
**आवश्यक न्यूनतम योग्यता : B.B.S. /B.com पास**
**अनुभव :** २ वर्ष सोही पदमा रही काम गरेको ।
**अन्तिम मिति :** २०७६/११/१४

**सम्पर्क**
**मानव अधिकार तथा ग्रामिण युवा परिवर्तन (हुर्क) नेपाल**
**राजविराज-५, सप्तरी**
**फोन नं. ०३१-५२२००३, ९८४३६६४७७२, ९८०४७४३१६०**
**Email:** hurycnepal.saptari@gmail.com
*Note : Update CV with two References and experinace Letter*


# निर्वाचन दिवसको अवसरमा वक्तृत्वकला



**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन ।**


चौथो निर्वाचन दिवसको अवसरमा मंगलबार निर्वाचन र लोकतन्त्र विषयक वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको छ ।

जिल्ला निर्वाचन कार्यालय सप्तरीको आयोजना जिल्लाको विष्णुपुर गाउँपालिका वडा नं. १ खुरहुरियास्थित श्री जनता माविमा सो प्रतियोतिाको आयोजना गरिएको हो ।

विद्यालयका ११ जना विद्यार्थीहरुले सो प्रतियोगितामा सहभागिता जनाएका थिए । जसमा कक्षा १० का देवदत्त शर्मा प्रथम, सोही कक्षाकी ज्योति ठाकुर द्वितिय र कक्षा ९ का नारायण ठाकुर तृतीय घोषित भए ।

जिल्ला निर्वाचन कार्यालयका अधिकारी दिलिप कुमार यादवको अध्यक्षता तथा विष्णुपुर गाउँपालिका अध्यक्ष लिलाम्बर यादवको प्रमुख आतिथ्यमा सम्पन्न प्रतियोगिताका प्रथम, द्वितिय र तृतीय विद्यार्थीहरुलाई क्रमशः दुई हजार पाँच सय, दुई हजार र एक हजार पाँच सय नगद पुरस्कार प्रदान गरिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

आयोजित कार्यक्रममा विद्यालयका प्रअ सूर्यनारायण यादव, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा विद्यार्थीहरुको उपस्थिति रहेको जनाइएको छ ।


**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →




**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट** *: rajbirajdainik.com.np*